निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, डडेल्धुरा

## निर्वाचन आचारसंहिता अनुगमन अधिकृतद्वारा निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धमा जारी गरिएको सूचना

मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गराउन निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागु गरेको व्यहोरा विदितै छ। उक्त निर्वाचन आचारसंहिताको परिपालना सम्बन्धमा डडेल्धुरा जिल्लामा रहेका सबै राजनीतिक दल, दलका भातृसंगठन, सरकारी तथा सार्वजनिक निकाय, गैर सरकारी निकाय, नागरिक समाज तथा आम सर्वसाधारण नागरिक लगायत सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ।

<u>तपसिलः</u>

१. मतदान हुने दिनभन्दा सत्र दिन अघि अर्थात् मिति २०८२ फाल्गुण ४ गतेदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी जुलुस, आमसभा वा कोणसभा गर्ने, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्ने, निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्ने ।

२. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने ।

३. कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकको भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने ।

४. उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने ।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, डडेल्धुरा

५. उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने ।

६. बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने ।

७. अनलाइन वेबसाइट, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने ।

८. दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने ।

९. कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने ।

१०. निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बाहेक सवारी साधन प्रयोग गर्न नपाइने।

११. निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा गराउन नहुने।

१२. राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारको लागि कानुन विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैर सरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन नहुने।

१३. जिल्लाको हकमा राजनीतिक दल वा उम्मेदवारको लागि निर्वाचन आयोगले तोकेको खर्चको सिमा भन्दा बढी खर्च गर्न वा गराउन नहुने ।

१४. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसार अभियानमा निर्वाचन कानुनले निषेधित गरेका कार्यको लागि आर्थिक सहयोग लिन वा काम कारबाहीको लागि खर्च गर्न वा गराउन नहुने।

१५. निर्वाचन प्रचार प्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफै वा आफ्नो प्रतिनिधि मार्फत मतदान सम्पन्न भएको मितिले १५ दिनभित्र जिल्ला निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने।

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, डडेल्धुरा

१६. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने।

१७. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने।

१८. पच्चिस हजार रुपैयाभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्था मार्फत गर्नुपर्ने।

यसका अलावा निर्वाचन आचारसंहिताले तोकेको व्यवस्था विपरीत आचारसंहिता उल्लङ्घनका विषयमा निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ बमोजिम कारवाही हुने व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ । निर्वाचन आचारसंहिता उल्लंङ्घन गरेको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई जानकारी गराउन सक्नुहुनेछ । निर्वाचन आचारसंहिता सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला निर्वाचन कार्यालय, डडेल्धुरा र आचारसंहिता अनुगमन अधिकृतलाई सम्पर्क गर्न सक्नुहुनेछ।

दिपेन्द्र ओझा
अनुगमन अधिकृत
नि. प्रमुख कोष नियन्त्रक
मोबाइल नम्बर ९८४८०४५३८८

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

अमर बहादुर वली
अनुगमन अधिकृत/ सहायक प्रमुख जिल्ला अधिकारी
मोबाइल नम्बर ९८५८४८६६६६

मितिः २०८२।१०।१५ गते
नेपाल सम्वत ११४६